Regd No: 896/Kathmandu
S.W.C. No: 41448

# पारिवारिक निजी वन संघ, नेपाल

**Association of Family Forest Owners, Nepal (AFFON)**

च.नं.

प.सं.

मिति : २०७९।८।१४

पारिवारिक निजी वनमा लगाइएको वा हुर्काइएका सालका प्रजातिका रुखको
कटान,उपभोग,ओसारपसारर बिक्रिवितरण **सम्बन्धमा**
**प्रेश विज्ञप्ति**

नेपाल सरकारले राजपत्रमा मिति २०८०।०८।०७ प्रकाशित वन तथा वातावरण मन्त्रालयको सूचना अनुसार दर्ता भएको निजी वनमा लगाइएको वा हुर्काइएका सालका प्रजातिका रुख ( कटान, उपभोग, ओसारपसार र बिक्रिवितरण गर्न भन्ने बिषयमा पारिवारिक निजी वन संघ, नेपालको गम्भिर ध्यान अकर्षण भएको छ ।

- नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयलले मितिमा २०८०।०८।०७ मा प्रकाशित गरेको राजपत्रको सूचना अनुसार दर्ता भएको निजी वनमा लगाइएको वा हुर्काइएका सालका प्रजातिका रुख कटान, उपभोग, ओसारपसार र बिक्रिवितरण गर्न पाउने भन्ने विषय पारिवारिक निजी वन सम्पत्ती माथिको अधिकारलाई आंशिक रुपमा नै भए पनि स्वीकर गरेकोमा यस संघ सकारात्मक रुपमा लिएकोछ ।

- तथापी, वन तथा वातावरण मन्त्रालयको यस निर्णयले आम निजी वन किसानहरुले उनीहरुको निजी हक भोगका तथा स्वामित्व भएको जमिनमा लगाइएका वा हुर्काइएका साल प्रजातिका रुख कटान, उपभोग, ओसारपसार र बिक्रिवितरणका विषयमा अन्योल सृजना गर्न पुगेको छ । यस निर्णयले सामान्य किसानका पारिवारिक निजी वन सम्पत्तीमाथिको अधिकारलाई कुण्ठित गरेको छ । साथै उनीहरुको सामाजिक आर्थिक उन्नयनमा समेत गम्भिर धक्का पुग्न गएको छ । साथै, सरकारको यस निर्णयले आम निजी वन किसानहरुलाई निजी वन विकासमा निरुत्साही गर्न पुगेको छ ।

- वन पैदावारहरुको संकलन, उपभोग, ओसारपसार र बिक्रिवितणका कार्यहरुलाइ प्रभावकारी वनाई सो अनुकूल तथा सहज वातावरण सृजना गरी काठ लगायतका वन पैदावारजन्य बस्तुहरुमा नेपाललाई आत्मनिर्भर बनाउने भन्ने विषयलाई नेपाल सरकारले नीतिगत रुपमा नै प्रतिवद्धता जनाउदै आएको छ । तर वन तथा वातावरण मन्त्रालयको बर्तमान निजी वनका साल प्रजातिका रुख कटान, उपभोग, ओसारपसार र बिक्रिवितरणका अव्यवहारिक निर्णयवाट वन तथा वातावरण मन्त्रालय, नेपाल सरकारको वन पैदावारजन्य बस्तुहरुमा आत्मनिर्भरताको नीतिगत प्रतिबद्धता प्रति उदासिन भएको पुष्टि गर्दछ ।
- वन तथा वातावरण मन्त्रालयको उक्त सूचना बर्षौं देखि स्थानीय किसानहरुले पारिवारिक निजी वनको रुपमा दर्ता हुन नसकेका आफ्नो निजी जग्गा तथा आवादीमा लगाएका वा हुर्काएका साल र अन्य प्रजातिका रुखहरु को कटान, उपभोग, ओसारपसार र बिक्रिवितरणका विषयमा पूर्वाग्राही देखिन्छ जसले लाखौं किसानहरुको निजी वन सम्पत्ती माथिकोसंविधान प्रदत्त मौलिक हकको उल्घन गर्न पुगेको छ ।

- केही स्वार्थ केन्द्रित, असमावेशी र अव्यवहारिक निर्णयले आम किसानहरुको मनोवल गिराउने तथा निजी वन प्रवर्धनमा समेत असर पारेको छ । तसर्थ किसानहरुको आफ्नो निजी जग्गा तथा आवादीमा लगाएका वा हुर्काएका साल र अन्य प्रजातिका रुखहरु निजी वन दर्ता जस्तो झंझटिलो प्रकृयाको खारेजी गरी किसानहरुले स्वःस्फुर्त रुपले साल र अन्य प्रजातिहरुको कटान, उपभोग, ओसारपसार, र बिक्रिवितरण गर्ने व्यवस्था गर्नको लागि हामी वन तथा वातावरण मन्त्रालयसँग जोडदार माग गर्दछौं ।

**जोगराज गिरी**
(अध्यक्ष)

AFFON, Secretariat office, Shantinagar-31, Kathmandu Nepal
Website: www.familyforestnepal.org, Email: info@familyforestnepal.org, Phone: +977-1-4621400